# खनियावास गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दार्खा, धादिङ

बागमती प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति सम्वन्धि सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०७७।०५।१४)

प्रस्तुत बिषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय(प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/०७८ च.नं. PMEP/२३ को मितिः२०७७।०४।१२ को पत्रानुसार यस खनियावास गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र गाउँपालिकाको बैंक अफ काठ्माण्डू खनियावास शाखामा रहेको ग-१.१ आन्तरिक राजश्व खाता नं.०१८६००००००६१५२४ मा दस्तुर जम्मा गरेको सक्कल भौचर वा राजश्व शाखामा राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवदेन दिनु हुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ००१/०७७/०७८ | प्राविधिक सहायक | स्थानिय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उर्तीण भएको ।

(ख) अनुभव र सीप-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः कम्तीमा १८ बर्ष पुरा भइ ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थानः खनियावास गाउँपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मितिः २०७७।०५।२८

४. आवदेन दस्तुरः रू ७००।-

४. छनौटको किसिमः प्रारम्भिक योग्यता क्रमको सूचि प्रकाशन र लिखित परिक्षा

५. आवदेन साथ संलग्न कागजातहरूः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरूको प्रतिलिपि

- नेपाली नागरिकता प्रमाण पत्र
- न्यूनतम योग्यताको लब्धांक प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धि प्रकृयाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नु पर्ने कार्य विवरणः गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धि प्रकृयाको दफा (९) बमोजिम हुनेछ ।

**नोटः-** प्राविधिक सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ । यस गाउँपालिकाको Website: www.khaniyabasmun.gov.np मा सूचना साथ अपलोड गरिएको दरखास्त फारम भरी मागिएका आवश्यक कागजातहरू Scan गरी Email: ito.khaniyabasmun@gmail.com मा पठाएर समेत दरखास्त दिन सकिने छ । तोकिएको म्यादको अन्तिम मिति पश्चात आएका दरखास्त उपर कारवाही हुने छैन ।

पदपूर्ति समिति

खनियावास गाउँपालिका